# विप्लव समूहका जिल्ला सेक्रेटरी सुदिपको रहरलाग्दो कृषिकर्म

**चिसाङ शेर्पा/हिटा**
खोटाङ, २४ असार

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका खोटाङ जिल्ला सेक्रेटरी चक्रबहादुर खत्री(सुदिप सी)ले रहरलाग्दो कृषिकर्म गरिरहनुभएको छ । ३३ वर्षीय खत्रीले आफ्नै निवास हलेसी तुवाचुङ नगरपालिका-२ डिकुवा भुम्जुमा घरवरिपरि बगानकै रूपमा ६ वर्षदेखि कृषिकर्म गरिरहनुभएको हो । खत्रीले २०७४ सालमा रोपेका २५० बोट कागतीबाट गत मंसिरमा पहिलो कमाइ एक लाख गर्नुभएको छ । अहिले दोस्रो लटलाई कागती फलिरहेको छ । कागती हलेसीबजार, जयरामघाट, हिलेपानी र काठमाडौंसम्म पुग्ने गरेको छ । कागतीसँगै किवी खेती सुरु गर्नुभएका खत्रीले गत कात्तिकमा २०० बोटको किवी बिक्री गरेर एक लाख कमाउनुभयो । अहिले बगानमा किवी लटरम्म फलिरहेको छ । किवी हलेसीबजारमा बिक्री हुने गरेको छ ।

कागती, किवीभन्दा अघि २०७१ सालमा सोलखुम्बुबाट ३० बोट स्याउ ल्याएर रोप्नुभएका खत्रीले पानी अभावले स्याउबाट भनेजस्तो उत्पादन लिन सक्नुभएन । ट्यांकरबाट पानी बोकेर हाल्दै गएपछि २०७४ सालतिरबाट कममात्रामा स्याउ फल्न थाल्यो । 'स्याउबाट सिजनमा २५/३० हजारमात्रै कमाइ गर्छु । हलेसीबजार र जयरामघाटमा स्याउ बिक्री गर्छु,' उहाँले भन्नुभयो । खत्रीले कागती, किवी र स्याउ हुर्काउन, बढाउन


चक्रबहादुर खत्री(सुदिप सी)सहित उहाँले उत्पादन गरेको स्याउ र किवी ।

र फलाउनमा हालसम्म ट्यांकरबाट ६ हजार लिटर पानी बोकेर चार हजार खर्च गर्नुभएको छ । कृषिकर्म गरिरहनुभएका उहाँले अहिलेसम्म कहींकतैबाट अनुदान लिनुभएको छैन, माग्नसमेत जानुभएको छैन । बृहत् लिफ्टिङ आयोजनाअन्तर्गत दूधकोशीको पानी भुम्जुडाँडाको चार लाख लिटरका तीनवटा ट्यांकीमा आएपछि खत्रीले ३० बोट एभोकाडो र ५० बोट रातो अम्बा पनि रोपिसक्नुभएको छ । गत वर्षबाट बेसार खेती थाल्नुभएका खत्रीले ४५ हजारसम्म वार्षिकरूपमा बेसारबाट आम्दानी गर्दै आउनुभएको छ । 'कृषिकर्म गर्नमा परिवारको ठूलो सहयोग छ । व्यवस्थापनमा आफैं खट्छु, सक्दो परिश्रम गर्छु । त्यसको फल मिठो हुने रहेछ । युवाहरूले गरेमा जे पनि हुन्छ भन्ने उदाहरण बन्ने कोसिस गर्दैछु,' उहाँले भन्नुभयो ।

# अख्तियारद्वारा चंखेली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शाहीसहित आठजनाविरुद्ध भ्रष्टाचार मुद्दा

**हिमालय टाइम्स**
काठमाडौं, २४ असार

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हुम्लाको चंखेली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर शाहीसहित आठजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले आइतबार शाहीसहित इञ्जिनियर, वडाध्यक्ष, उपभोक्ता समितिका अध्यक्षसमेत आठजनाउपर गैरकानुनी लाभ तथा हानि पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी आरोप-पत्र दायर गरेको हो ।

मुख्यमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत चंखेली गाउँपालिका-२ स्थित खानेपानीको ट्यांकी निर्माणका लागि आव ०७८/०७९ मा रकम हिनामिना गरेको अख्तियारले ठहर गरेको छ । उक्त कार्यक्रमअन्तर्गत रकम विनियोजन भई उपभोक्ता समितिलाई कामको जिम्मा दिएकोमा आधा काम बाँकी हुँदै ट्यांकी निर्माणको काम सकियो भनी फर्जी विल भर्पाई पेश गरी सम्पूर्ण रकम निकासा लिई हिनामिना गरेको अख्तियारको आरोप छ ।


चंखेली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हुम्लाका इञ्जिनियर मानबहादुर ऐडी र प्राविधिक सहायक (सब-इञ्जिनियर) गोभधन बोहोराले खानेपानी ट्यांकी निर्माणसमेतका कार्यमा फिल्डमा नभए, नगरेको कामलाई भए, गरेको भनी नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र



उपभोक्ताको बिलमा चढाई बढी मूल्यांकन एवं स्वीकृतिका लागि पेश गरी ६ लाख ४८ हजार ७८६ रुपैयाँ भुक्तानीसमेत लिँदा भ्रष्टाचार भएको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले बताउनुभएको छ ।

साथै, देवकोटावाडा खानेपानी ट्यांकी निर्माण उपभोक्ता समितिका अध्यक्ष गोपाल विश्वकर्मा, सचिव प्रयोगलाल जैशी र कोषाध्यक्ष नन्दादेवी देवकोटा (धिताल) ले वास्तविकरूपमा भए, गरेको कार्यभन्दा बढी नभए, नगरेको कामलाई भए, गरेको भनी नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलमा चढाउन लगाई बढी मूल्यांकन गरी, गराई बढी भुक्तानी लिने, दिने गरी झुटा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलसमेत तयार गराई ६ लाख ४८ हजार ७८६ रुपैयाँ बढी भुक्तानी लिई, दिई भ्रष्टाचार गरेको अख्तियारले ठहर गरेको छ ।

# वरिष्ठ पत्रकार हरिबहादुर थापालाई पितृशोक



**काठमाडौं ।** वरिष्ठ पत्रकार हरिबहादुर थापालाई पितृ शोक परेको छ । वरिष्ठ पत्रकार थापाका पिता केदारबहादुर थापाको बिहीबार बिहान काठमाडौँमा मृत्यु भएको हो । ८९ वर्षीय केदारको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको हो । उहाँ पछिल्लो एक महिनादेखि बिरामी हुनुहुन्थ्यो । उहाँको शुक्रबार पशुपति आर्यघाटमा अन्त्यष्टि गरिएको छ । केदारका हरिबहादुरसहित ६ छोरा दुई छोरी छन् ।

# नेपाल भूतपूर्व सैनिक संघका संस्थापक अध्यक्ष गुरुङको निधन

**काठमाडौं ।** नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल भूतपूर्व सैनिक संघका संस्थापक अध्यक्ष एवं पूर्व सांसद कर्णेल लालकाजी गुरुङको निधन भएको छ । शनिबार निधन हुनुभएका उहाँको आइतबार पशुपति आर्यघाटमा अन्त्येष्टी गरिएको छ । भारतीय सेनाका पूर्व कर्णेल रहनु भएका स्वर्गीय गुरुङ २०४८ मा नेपाली कांग्रेसको तर्फबाट राष्ट्रिय सभाको सदस्य हुनुहुन्थ्यो । स्वर्गीय गुरुङले नेपाली कांग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा सक्रिय भूमिका निर्वाह गर्नु भएको थियो । उहाँको निधनबाट एक अग्रज व्यक्तित्वलाई गुमाएको नेपाली कांग्रेसले जनाएको छ । उहाँको निधनप्रति नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गहिरो दुःख व्यक्त गर्नु भएको छ । स्वर्गीय गुरुङले पार्टी संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्वाह गर्नु भएको सक्रिय भूमिकाको स्मरण गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भएको छ । साथै, दिवंगत आत्माको चिर शान्तिको कामना साथ शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्नु भएको छ ।

**एनएमबि बैंक लिमिटेड**
बबरमहल, काठमाडौं फोन नं: ४२४६१६०
**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
प्रकाशित मितिः २०८०/०३/२५

यस बैंकको निक्षेपकर्ता श्री हर्क बहादुर श्रेष्ठको नातीनी, श्री काशी प्रसाद श्रेष्ठको छोरी, श्री योगेन्द्र चन्द्र पालिखेको श्रीमती, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ९ बस्ने श्रीमती निर्मला देवी पालिखे (ना.प्र.प.न. ४६-०१-७४-०७५८५, जारी मिति २०७४/१०/१७) वर्ष ६२ को उमेरमा मिति २०७९/११/११ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरू उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा युजन पालिखेले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरू समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरूमा निवेदकको माग बमोजिम मृतकका छोरा युजन पालिखेको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# लुटपाट गर्ने गिरोह पक्राउ

**काठमाडौं ।** काठमाडौंका विभिन्न ठाउँमा शृंखलाबद्ध लुटपाटमा संलग्न पाँचजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रामेछाप लिखु गाउँपालिका दुरागाउँका रविन दमाई, सुनसरी धरानका रवि विश्वकर्मा, काभ्रे पाँचखालका उमेश क्षेत्री, धनकुटा लेगुवाका राहुल माझी र भारत पश्चिम बंगाल घर भई हाल न्युरोड बस्दै आएका श्रीकान्ता माइती छन् । मर्निङ वाकमा निस्किएका महिलाहरूलाई पिछा गर्दै सुनको सिक्री लुटपाटमा संलग्न उनीहरूलाई पक्राउ गरेर काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सार्वजनिक गरेको छ । उनीहरूलाई असार २२ गते पक्राउ गरिएको थियो । प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार उनीहरूले असार १९ गते चक्रपथ बंगलामुखी मन्दिर नजिकै ६० वर्षकी कान्छी श्रेष्ठ, २० गते पौने ५ बजे टोखामा मर्निङ वाकमा निस्किनुभएकी ४३ वर्षीया रिता श्रेष्ठ, त्यही दिन पौने ६ बजे खागलमा मर्निङ वाक हिँड्नुभएकी वृद्धा सरस्वती डंगोलको सिक्री लुटपाट गरेका थिए । उनीहरूको साथबाट ११.२ ग्रामको सुनको ढिक्का एक थान, लुटपाटमा प्रयोग गरिएको मोटरसाइकल दुई थान, मोबाइल ६ थान र ४७ ग्रामको सुनको नेक्लेस बरामद गरिएको प्रहरीले बताएको छ ।

# पाल्पाबाटै सवारी चालक अनुमति पत्रको परीक्षा

**रामचन्द्र रायमाझी/हिटा**
पाल्पा, २४ असार



पाल्पामा पहिलोपटक सवारी चालक अनुमति पत्रको परीक्षा भएको छ । यातायात व्यवस्था सेवा कार्यालय तानसेन पाल्पाले दुईपांग्रे सवारीसाधनको सवारी चालक अनुमति पत्रको परीक्षा लिन सुरु गरेको हो । यातायात व्यवस्था सेवा कार्यालय पाल्पाले पहिलोपटक मोटरसाइकलतर्फ वर्ग (ए) र स्कुटरतर्फ वर्ग (के) को नयाँ लाइसेन्स जारी गर्न लिखित परीक्षा लिएको छ ।

पहिलोपटकको लिखित परीक्षामा २०० जना परीक्षार्थीहरू सहभागी भएका छन् । परीक्षार्थीले लिखित परीक्षामा ६० अंक ल्याएमा पास हुने व्यवस्था रहेको छ । लिखित परीक्षामा पास भएका परिक्षार्थीहरूको सोमबार, मंगलबारबाट प्राक्टिकल (ट्रायल) परीक्षा सुरु हुने सेवा कार्यालय पाल्पाका प्रमुख केशव सुनारले बताउनुभयो ।

पाल्पाको यातायात सेवा कार्यालयमा सवारी चालक अनुमति पत्रका लागि देशभरका जुनसुकै स्थानका व्यक्तिहरूले मोबाइल तथा कम्प्युटरबाट सजिलै आवेदन दिन सक्ने सुविधा रहेको कार्यालय प्रमुख सुनारले बताउनुभयो । यातायात कार्यालय बुटवलमा मात्र अत्यधिक भिडभाड बढेपछि लुम्बिनी प्रदेश यातायात व्यवस्था विभागले पाल्पामा पनि दुईपांग्रे सवारी साधनको परीक्षाका लागि व्यवस्था मिलाएको हो ।

कार्यालयले जेठ ४ गतेदेखि लाइसेन्स नवीकरणको सेवासमेत दिइरहेको छ । जिल्लाबाटै लाइसेन्स दिने र नवीकरण सेवा सुरु भएसँगै सेवाग्राहीलाई सहज भएको छ । लाइसेन्सको सम्पूर्ण कामका लागि बुटवल, पोखरा जानुपर्ने बाध्यता हटेको भन्दै सवारी चालकहरू समेत उत्साहित भएका छन् ।

यातायात व्यवस्था सेवा कार्यालयले तानसेन नगरपालिका ७, ठाँटी क्षेत्रमा ट्रायल सेन्टर निर्माण गरेको छ । सेन्टरको २०७८ चैतमा लुम्बिनी प्रदेश श्रम, रोजगार तथा यातायात व्यवस्थामन्त्री पुर्मती ढेंगाले शिलान्यास गर्नुभएको थियो । ट्रायल सेन्टरबाट पाल्पा, गुल्मी, स्याङ्जा, अर्घाखाँचीका बासिन्दा लाभान्वित हुनेछन् ।

पाल्पामा २०७५ सालदेखि यातायात व्यवस्था सेवा कार्यालय सञ्चालन भएपछि सवारी चालक अनुमति पत्र नवीकरण, सवारीसाधन नवीकरण, सवारी साधनको जाँचपास, पञ्जिकरणको काम, पटके सेवा सञ्चालन हुँदै आएको थियो ।

**हकदावीको सूचना**

वाग्मती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गाउँपालिका, वडा नं. १ बस्ने, सोनाम फिन्जो लामाकी छोरी, ग्याल्जेन लामाकी पत्नि नामु लामाले (साविक सिभिल बैंक लि.) हाल हिमालयन बैंकको बौद्ध शाखामा बचत खाता नं. २२०५४८१७४५००१२ खोली कारोवार गर्दै आउनु भएकोमा खातावाला **नामु लामा**को मिति २०८०।०१।१६ मा मृत्यु भएको र इच्छाएको व्यक्ति नभएकोले, उक्त खातामा रहेको रकम हस्तान्तरण गरी खाता बन्द गरी पाउँ भनी मृतकको पति ग्याल्जेन लामाले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिनभित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा मागबमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

HBL Himalayan Bank Ltd.
बौद्ध शाखा, काठमाडौं, नेपाल

# लम्पी स्किन रोगबाट सात हजार बढी पशु मरे

**नन्दराम जैशी/हिटा**
सुर्खेत, २४ असार

कर्णालीमा लम्पी स्किन रोगको संक्रमणबाट सात हजार ६३२ पशुचौपाया मरेका छन् । कर्णालीका १० जिल्लामा दुई लाख सात हजार २७३ वटा पशुचौपायामा लम्पी स्किन रोगको संक्रमण हुँदा सात हजार ६३२ पशुचौपाया मरेका हुन् ।

कर्णालीमा लम्पी स्किन रोगबाट सबैभन्दा बढी संक्रमण हुने र मर्नेमा पनि गोरु छन् । गोरुमा लम्पी स्किनको प्रकोप बढी देखिएका कारण कर्णालीका किसानलाई बर्खे खेती लगाउनसमेत समस्या भएको छ । कर्णालीमा लम्पी स्किन रोगका कारण चार हजार २६४ वटा गोरु मरेका छन् । यस्तै, एक हजार आठ सय ७१ गाई, एक हजार दुई ४७ बाच्छाबाच्छी, २४९ भैंसी र दुईवटा चौंरी मरेको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशले जनाएको छ ।

हालसम्म जम्मा संक्रमण भएका पशुचौपायामध्ये एक लाख १६ हजार गोरु, २८२ चौंरी र दुई हजार ३९१ भैंसी रहेका छन् । यस्तै, ४५ हजार १३० गाई र ४२ हजार ५०६ वटा बाच्छाबाच्छी संक्रमित भएका छन् ।

### बढी प्रभावित जिल्ला

कर्णालीमा लम्पी स्किन रोगबाट सबैभन्दा बढी दैलेख, जाजरकोट, हुम्ला र सल्यान जिल्ला प्रभावित भएका छन् । दैलेखमा ७४ हजार ३१५ वटा पशुमा रोगको संक्रमण देखिएको छ । जसमा ४७४ वटा पशु मरेका छन् । सबैभन्दा बढी जाजरकोटमा दुई हजार ४३० वटा पशुचौपाया मरेका छन् । यस्तै, हुम्लामा एक हजार ४६६, सल्यानमा एक हजार १३, सुर्खेतमा एक हजार २८ पशुचौपाया मरेका छन् । संक्रमण दैलेखपछि क्रमशः सल्यान, सुर्खेत, रुकुम पश्चिम, हुम्ला र जाजरकोटमा बढी देखिएको छ ।

कर्णाली प्रदेशको हिमाली जिल्ला डोल्पामा दुईवटा चौंरी मरेका छन् । डोल्पामै ३१ वटा र जुम्लामा एक सय ६० वटा चौंरीमा लम्पी स्किनको संक्रमण देखिएको छ । कर्णालीमा संक्रमित पशुचौपायाका आधारमा मर्ने दर तीन दशमलव ६८ प्रतिशत देखिएको छ ।

भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कर्णालीमा सबैभन्दा पहिला सुर्खेतको वीरेन्द्रनगर नगरपालिका र चिङगाड गाउँपालिकाका विभिन्न क्षेत्रका गाई, गोरुमा समस्या देखिएको जनाएको छ । पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सुर्खेतबाट ती क्षेत्रका शंकास्पद पशुचौपायाको सिरम र छालाको भागका नमुना संकलन थालिएको थियो । २०७९ चैत २५ गते उक्त नमुना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला काठमाडौं पठाएर परीक्षण गर्दा सबै नमुनामा लम्पी स्किन पोजेटिभ देखिएको थियो ।

भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको पशुपन्छी विकास महाशाखाका पशुविकास अधिकृत प्रचण्ड खड्काले पहिलोपटक मन्त्रालयको टिम सल्यान पुगेर रोगबारे जनचेतनामूलक कार्यक्रम गरे पनि औषधि पत्ता नलागेका कारण संक्रमण दर दिन प्रतिदिन बढ्दै गएको जानकारी दिनुभयो ।

### एक लाख पशुचौपायाको उपचार

मन्त्रालयका अनुसार संक्रमितमध्ये एक लाख २५ हजार ९१ वटा पशुचौपायाको उपचार गरिएको छ । पशुपन्छी विकास महाशाखाका पशुविकास अधिकृत प्रचण्ड खड्काले लम्पी स्किन रोग कर्णालीका कुना-कुनामा फैलिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार जम्मा नौ हजार नौ सय एक डोज खोप पशुचौपायालाई लगाइएको छ । सुर्खेतमा एक हजार ५२५, डोल्पामा एक हजार ५८५, मुगुमा ५००, जुम्लामा ५००, कालीकोटमा एक हजार, दैलेखमा २७५, सुर्खेतमा एक हजार ९९४, सल्यानमा ९०७, रुकुम पश्चिममा एक हजार १७५, जाजरकोटमा ४४० पशुवस्तुमा खोप लगाइएको कृषि मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले महामारी रोग नियन्त्रण कार्यक्रमबाट पहिलो गत वैशाख ४ गते लम्पी स्किन रोगविरुद्धको दुई हजार पाँच सय डोज खोप खरिद गरेको थियो । त्यसमध्ये पाँच सय जाजरकोट, एक हजार रुकुम पश्चिम र एक हजार सल्यानमा पठाइएको थियो । यस्तै, पशुपन्छी विकास निर्देशनालय सुर्खेतबाट एक हजार डोज खोप खरिद गरी पशु अस्पताल तथा पशु सेवा कार्यालयमार्फत् पालिकाहरूमा पठाइएको मन्त्रालयले जनाएको छ । अहिले लम्पी स्किन रोकथाम तथा नियन्त्रणका लागि ४० लाख रकमान्तर गरी १४ हजार डोज खोप तथा अन्य औषधि खरिद गरिएको छ ।

**सुनकोशी गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामटार, सिन्धुली**

**आन्तरिक कर संकलन सम्बन्धि शिलबन्दी बढाबढ बोलपत्र आब्हानको सूचना ।**

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०८०/०३/२५)**

स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था भए बमोजिम यस गाउँपालिका अन्तर्गत तपसिलको शिर्षकमा कर संकलन सम्बन्धी दरभाउपत्र आब्हान गरिएको छ ।

| क्र. सं. | ठेक्का न. | कामको विवरण | न्युनतम बोल कबोल रकम (मु.अ.कर सहित) | धरौटी रकम | समयावधि |
|---|---|---|---|---|---|
| १. | SUNRM/ REVENUE/ 05/080/081 | सुनकोशी गाउँपालिका अन्तर्गत पशुपंक्षीको हाड, सिंग, प्वाँख, छाला तथा कु काठ निकाशी पैठारीमा लाग्ने कर संकलन गर्ने कार्य | ७,२०,०००/- | कबोल अंकको ३% रकम | सम्झौता मितिबाट २०८१ अषाढ मसान्तसम्म |
| २. | SUNRM/ REVENUE/ 06/080/081 | सुनकोशी गाउँपालिकाबाट आन्तरिक तथा बाह्य निकाशी हुने इट्टा र इन्टरलक ब्लकको निकाशी शुल्क संकलन गर्ने कार्य | ६,००,०००/- | कबोल अंकको ३% रकम | सम्झौता मितिबाट २०८१ अषाढ मसान्तसम्म |

- शिलबन्दी दरभाउपत्र फारम यस गाउँपालिकाबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको राष्ट्रिय वाणिज्य बैक रातामाटामा रहेको तपसिलको खातामा रु १,०००/- (अक्षरुपि एक हजार मात्र) दस्तुर तिरि (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाबाट खरिद गर्न सकिने छ ।
  खाता नं.: १४८०१००३०१०१०००२
  कार्यलय कोड: ८०१०३२५०८
- यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित फर्म, संस्था वा कम्पनीको अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसार को तपसिलमा उल्लेखित दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमअनुसार शिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।
- शिलबन्दी गरिएको दरभाउपत्र यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १६ औं दिनभित्र दिउँसो १२:०० बजेभित्र बुझाउनु पर्नेछ ।
- तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा १६ औं दिनको १:०० बजे खोलिनेछ । प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
- शिलबन्दी दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरी ४५ दिनसम्मको लागि मान्य हुनेछ । शिलबन्दी दरभाउपत्रको साथ जमानत वापतको धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक रातमाटा स्थित यस कार्यालयको नाममा रहेको **धरौटी खाता नम्बर १४८०१००३०३००००२** मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।
- शिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।
- यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Chame Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province, Nepal**

**NOTICE OF INTENT OF ACCEPTANCE**

**Date of Publication : 2080-03- 25 (10 July, 2024)**

For the provision of clause 27 sub clauses (2) and (3) of the Public Procurement Act 2063, this is notify to all bidders who submitted their bids for the contracts as per the notice published on 2080-02-16, (30 May 2023) in Himalayan Times National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the contract.

| Name of Project | Contract no | Name of Successful Bidder | Bid Amount (including VAT ) |
|---|---|---|---|
| Construction of Chame RM 4 Ward office Building | CRM-Work/ 12/079/080 | Rambha technical and information technology Attrulitar Nawalparasi East | NRs. 4664421.88 |